नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, भदौ १८ गते २०३६ साल

श्री ५ को सरकार

निर्माण तथा यातायात मन्त्रालयको

सूचना

नगर विकास समिति ऐन, २०१९ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको महेन्द्र नगर नगर विकास समिति गठन गरेको छः–

समितिको गठनः

अञ्चलाधीश, महाकाली अञ्चल–	अध्यक्ष
सभापति, कन्चनपुर जिल्ला पञ्चायत–	उपाध्यक्ष
प्रमुख जिल्ला अधिकारी, कन्चनपुर–	सदस्य
इञ्जिनीयर, सार्वजनिक निर्माण शाखा, कन्चनपुर–	सदस्य
पञ्चायत वर्गीय संगठन तथा सामाजिक क्षेत्रमा योगदान भएका व्यक्तिहरूमध्येबाट बढीमा ५ जना अध्यक्षबाट मनोनीत व्यक्ति–	सदस्य
प्रधानपञ्च, महेन्द्र नगर नगर पञ्चायत–	सदस्य-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको काम, कर्तव्य र अधिकार:

१. स्वीकृत गुरु योजनामा कुनै हेरफेर वा परिवर्तन गर्नु परेमा आवास, भवन तथा भौतिक परियोजना विभागमार्फत श्री ५ को सरकारको स्वीकृति लिएर मात्र गर्ने।

२. गुरु योजना अनुसार निषेध नियन्त्रणसम्बन्धी नीति तथा मापदण्ड आवास, भवन तथा भौतिक परियोजना विभागको सहयोगमा निर्धारण गरी कार्यान्वयन गर्ने।

३. नगर विकास समिति ऐन, २०१९ बमोजिमको कार्यहरू गर्ने।

खण्ड २४ मिति २०३१।१२।१८ संख्या ५० को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठित महेन्द्र नगर नगर योजना समिति खारेज गरिएको छ।

आज्ञाले–
ज्ञानप्रसाद शर्मा
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग, सिंहदरबार

200

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।